नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:२०७५/७६ मिति : २०७५।०८।११

चलानी नं. : २३९

श्री महानगरपालिका, सबै ।
श्री उप-महानगरपालिका, सबै ।
श्री नगरपालिका, सबै ।
श्री गाउँपालिका, सबै ।

विषय: तलब भत्ता सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.७२, मिति २०७५/०६/२८ को पत्रबाट अस्थायी तथा सेवा करारतर्फका जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी पत्रको बुँदा नं.३ बमोजिम अस्थायी तथा सेवा करार सम्झौता बमोजिम स्रोतकेन्द्रमा शैक्षिक कार्यक्रमहरु सञ्चालन एवम् व्यवस्थापन गर्न कार्यरत स्रोतव्यक्तिहरुको (शुद्ध करारमा कार्यरतहरुको समेत) तलब भत्ता सम्बन्धमा थप नीतिगत निर्णय भएमा सोही अनुसार हुने गरी शिक्षक तलब भत्ता व्यवस्थापन गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत विनियोजित बजेटबाट नै २०७५ साल श्रावण, भाद्र, आश्वीन र चाडपर्व खर्च समेत भुक्तानी दिने भनि यस मन्त्रालयमा लेखि आएको हुँदा सोही अनुसार व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संलग्न छ।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना शाखाः websiteमा uploadगरिदिनु हुन ।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(योजना तथा बजेट शाखा)

☎ ४२००३८३

सिंहदरबार, काठमाडौं ।

पत्र संख्याः योजना तथा बजेट २०७५/०७६

च. नं. 62

मिति २०७५/०६/२८

विषयः- तलब भत्ता सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार,काठमाण्डौं ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १०७, मिति २०७५/०५/०७ को अस्थायी तथा सेवा करारतर्फका जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी पत्रको बुँदा नं.३ बमोजिम अस्थायी तथा सेवा करार सम्झौता बमोजिम स्रोतकेन्द्रमा शैक्षिक कार्यक्रमहरु सञ्चालन एवम् व्यवस्थापन गर्न कार्यरत स्रोतव्यक्तिहरुको (शुद्ध करारमा कार्यरतहरुको समेत) तलब भत्ता सम्बन्धमा थप नीतिगत निर्णय भएमा सोही अनुसार हुने गरी हाल नेपालीहरुको पर्व दशैं नजिक आएको अवस्था समेतलाई मध्यनजर गरी स्थानीय तहहरूमा सशर्त अनुदानको रुपमा शिक्षक तलब भत्ता व्यवस्थापन गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत विनियोजित बजेटबाट नै २०७५ साल श्रावण, भाद्र, आश्वीन र चाडपर्व खर्च समेत भुक्तानी दिने गरी सम्बन्धित स्थानीय तहलाई तहाँ मन्त्रालय मार्फत निर्णय सम्प्रेषण गरी दिन हुन यस मन्त्रालयको मिति २०७५/०६/२६ (माननीय मन्त्रीस्तरीय)को निर्णयअनुसार अनुरोध छ ।

(भोलाप्रसाद बराल)
शाखा अधिकृत